"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७७/०८/१९

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा शुभकामना

यहि मङ्सिर २० गते "कोभिड-१९को रोकथाम र समृद्धिका लागि संयुक्त कार्य: महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका अपरिहार्य" नारा सहित १७ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउन गइरहेका छौं। मुलुकभर करिब ५२ हजार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले समुदायको स्वास्थ्य सुरक्षा एवम् जनचेतना अभिवृद्धिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आउनुभएको छ। जनताको नजिकको स्वास्थ्यकर्मीको उपमा प्राप्त गर्नुभएका महिला स्वास्थ्य स्वयंसेविकाहरुले नेपालको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान मुलुकभर मात्र नभई संसारभर प्रशंसित रहेको छ। नेपालमा मातृ मृत्युदर र बाल तथा शिशु मृत्युदर उल्लेख्य मात्रामा घटाउने कार्यमा समेत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको वास्तविक योगदान रहेको छ।

यस महालक्ष्मी नगरपालिकामा भित्रका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुबाट नियमित खोप एवम् राष्ट्रियस्तरका विभिन्न स्वास्थ्य अभियान लगायत नगरपालिकास्तरीय स्वास्थ्य, सरसफाइ लगायतका जनचासो एवम् सरोकारका क्षेत्रहरुमा महत्वपूर्ण योगदान पुऱ्याउदै आउनुभएको छ।

१७ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०७७ को पावन अवसरमा यस नगर क्षेत्र लगायत देश भरका तमाम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा यहाँहरुको महत्वपूर्ण भूमिकाप्रति धन्यवाद व्यक्त गर्दै घर, समाज, वडा, नगरसहित राष्ट्रलाई कोभिड-१९ मुक्त बनाउन आ-आफ्नो ठाउँबाट थप योगदान पुऱ्याउन हार्दिक अपिल समेत गर्दछु।

..........................
रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np